# मोफसलमा पत्रकारिता

## पत्रकारिताको प्रारम्भिक चरण

प्रारम्भमा नेपालको पत्रकारिताको विकास हुने किसिमका सम्पूर्ण गतिविधिहरू या त काठमाडौँमा या विदेशी भूमिमा मात्रै सीमित थिए । त्यसै कारणले काठमाडौँमा पहिलो पत्रिका प्रकाशित भएको ४५ वर्ष बितिसक्दासम्म पनि काठमाडौँबाहिर नेपालको अन्य क्षेत्रमा एउटा पनि पत्रिका प्रकाशित भएको पाइँदैन । नेपालको भौगोलिक बनावटले उत्पन्न गरेका कठिनाइ र सञ्चार साधनहरूको अभावजस्ता आधारभूत समस्या त यहाँ छँदै थिए, अशिक्षित जनता तथा निरङ्कुश शासन व्यवस्थाले जकडिएको २००७ सालसम्मको नेपालमा शासन व्यवस्थाका अधिकारहरू पनि केन्द्रिकृत थिए । सबै अधिकार काठमाडौँमै सीमित रहेजस्तै पत्रकारिताको क्षेत्र पनि काठमाडौँमै सीमित रहने गरेको यस काललाई पत्रकारिताको केन्द्रिकृतकाल भन्नु उपयुक्त हुन्छ ।

पत्रकारितालाई मोफसलसम्म पुऱ्याउनुमा सहयोग दिन सक्ने चेतनामूलक अन्य स्थितिहरू पनि अनुकूल थिएनन् । यसैकारणले गर्दा मोफसलको अधिकांश जनताले पत्रपत्रिकाको विकासमा सक्रिय सहभागी हुने अवसर पाउनु त परै जावस्, प्रारम्भिक परिचयको रूपमा पाठक बन्नका लागि अनुकूल वातावरण पाउन पनि धौ धौ हुन्थ्यो । मोफसलका वीरगन्ज, विराटनगर जस्ता स्थानहरू तुलनात्मक रूपले देशका बाँकी जिल्लाहरूभन्दा अधिक सुविधा सम्पन्न, विकसित र चेतनशील मानिन्थे । तैपनि २००७ सालसम्म काठमाडौँबाहिर कुनै पत्रपत्रिका प्रकाशित हुन सकेको थियो । २००७ सालपछि ८–१० वर्षसम्म प्रजातन्त्रका कारण अन्य नागरिक हक र अधिकारहरूलाई मोफसलका जनताले केही हदसम्म सक्रियपूर्वक उपयोग गर्न सक्ने वातावरण पाएका थिए । तर लेखन र प्रकाशन स्वतन्त्रताको हकलाई पत्रपत्रिकाहरू प्रकाशन गरेर उपयोग गर्न नसकेको कुरा त्यतिबेला मोफसलबाट प्रकाशित पत्रपत्रिकाहरूको सूची हेर्दा थाहा हुन्छ ।

श्री ५ को सरकार प्रचार विभागले प्रकाशन गरेको नेपाल प्रेस कमिशनको रिपोर्ट २०१५ त्यतिबेला काठमाडौँबाहिर पत्रपत्रिकाहरूको स्थिति दयनीय रहेको छर्लङ्ग हुन्छ । २०१४ माघ २९ मा सरकारले प्रेस कमिशनको पुनर्गठन गर्ने निर्णय गरेको थियो । यसपछि अस्तित्वमा आएको प्रेस कमिशनले आफ्नो पहिलो प्रतिवेदन

तयार गर्ने सिलसिलामा कमिशनका सदस्यद्वय गोपालदास श्रेष्ठ र जीवनाथ लोहनीलाई जिल्लाहरूको भ्रमण गरी पत्रपत्रिकाहरूको स्थिति र समस्या पेश गर्ने भनी खटायो । यी दुवैले क्रमशः विराटनगर र वीरगञ्जको भ्रमण गरी पेश गरेको प्रतिवेदनमा वीरगञ्जमा कुनै पत्रिका प्रकाशित नहुने र पूर्वाञ्चलको विराटनगरमा केही पत्रपत्रिकाहरू प्रकाशित भए पनि ती सबैको अल्पायु रहेको कुरा उल्लेख छ । गोपालदास श्रेष्ठले 'देशको कुनै एक भागमा पत्रपत्रिकाको प्रकाशन केन्द्रित हुनु लाभदायक कुरा होइन' भनी आफ्नो प्रतिवेदनको एक वाक्यांशमा लेखेका थिए । उनले यो लेखेर पत्रपत्रिकाहरूको प्रकाशन मोफसलबाट पनि हुनुपर्नेतर्फ प्रेस कमिशनको ध्यान त्यतिबेला नै आकृष्ट गरेका थिए । त्यस्तै जीवनाथ लोहनीले 'वीरगञ्जजस्तो चल्तीफिर्ती र महत्वको स्थानमा एक प्रेससम्म पनि नभएमा सरकारलाई पनि असुविधा हुन जाने देखिन्छ' भनी प्रतिवेदनमार्फत् मोफसलमा प्रेसहरूको व्यवस्था हुनुपर्ने कुरा उठाएका थिए ।

यी दुवै प्रतिवेदनहरूमा त्यतिबेलासम्म काठमाडौंभन्दा बाहिर पत्रपत्रिकाको प्रकाशन र प्रेसहरूको स्थापना हुन नसकेकोमा चिन्ता व्यक्त गरिएको छ । मोफसलमा प्रेस र पत्रपत्रिकाहरू कतै पनि नभएको हुँदा पत्रपत्रिका र प्रेस सञ्चालन हुन सक्ने अनुकूल वातावरण प्रेस कमिशन र सरकारले बनाउनु पर्छ भन्ने मनसायका अनेक सुझावहरू प्रतिवेदनमा उल्लेख थिए । कमिशनका सदस्यद्वयको भ्रमणका क्रममा अरू धेरै सुझावहरू अन्य विभिन्न पक्षबाट आए तापनि सरकार र प्रेस कमिशनले २०१७ सालसम्म यस्ता सुझावहरूलाई कार्यान्वयन गर्नेतर्फ ध्यान दिई कुनै योजना नबनेको यथार्थलाई विडम्बना नै मान्नु पर्दछ ।

## २०१७ सालपछिको अवस्था

२०१७ साल पुसपछि संसदीय बहुदलीय व्यवस्थाको अन्त्यसँगै नेपाली इतिहासले नयाँ मोड लियो । यस व्यवस्थामा संविधान कानूनद्वारा गठन भएका अनेक स्तरका पञ्चायत र वर्गीय सङ्गठनका राजनीतिक संस्थाहरूले आ-आफ्नो प्रचार गर्ने उद्देश्यले पत्रपत्रिकाहरूको प्रकाशन गर्ने कार्यक्रम सञ्चालन गरे । त्यसैकारणले मोफसलमा पनि पत्रपत्रिका र प्रेसहरूको अस्तित्वसँग मानिसहरूले परिचित हुने अवसर पाए । एक प्रकारले यो कालमा काठमाडौंको केन्द्रिकृत पत्रकारिताको कुनै सहयोग, सल्लाह, प्रोत्साहन र पहुँचबिना नै मोफसलको पत्रकारिताको विकास प्रक्रिया स्थानीय तहमा नै प्रारम्भ भयो । हुन त २००५ सालमा नै वीरगन्जबाट बलभद्र शर्मा, सुरेन्द्रराज शर्मा र श्यामप्रसाद शर्माले *सेवा* पत्रिका दर्ता गराएर

प्रकाशन गर्ने जमर्को गरेका थिए । तर यसको केही वर्षपछि मात्र काठमाडौँबाहिर सुदूरपश्चिम र सुदूरपूर्वका अति विकट मानिने धेरै स्थानहरूबाट पत्रपत्रिका प्रकाशन हुने क्रमले नेपाली पत्रकारिताको इतिहासमा नयाँ अध्याय जोड्न थालेको हो ।

राणा कालमा मुलुकी ऐनको पाँचौं भाग अदलको सवाल र छापाखाना प्रकाशन ऐन २००५ ले लगाएको अनेक कानूनी प्रतिबन्धहरूले वाक् र प्रकाशन स्वतन्त्रतालाई अवरुद्ध पारेकाले पत्रपत्रिकाहरूको प्रकाशन हुन नसक्ने प्रतिकूल स्थिति अधिराज्यभरि थियो । २००७ सालमा यस्ता प्रतिकूल स्थिति र कानूनी प्रतिबन्धहरू हटेपछि काठमाडौँमा च्याउ उम्रेझैं पत्रपत्रिकाहरू प्रकाशन भए तर मोफसलको धेरै ठाउँमा १५–२० वर्षसम्म पत्रपत्रिकाहरू कतै पनि प्रकाशन नहुने स्थिति रहिरह्यो । यतिबेलासम्म नेपाली पत्रकारिताको सबभन्दा बढी उपभोग गर्ने उपभोक्ता भनेको राजनीतिक र सरकारी पक्ष नै देखिन्थ्यो । पत्रकारितालाई आम मानिससम्म विकास गर्नु सरकारी र राजनीतिक पक्षको लागि असहज हुने परिस्थिति थियो । यसले पत्रकारिताको विकासमा पनि बाधा पुऱ्यायो । फलस्वरूप पत्रकारितालाई काठमाडौँकै पेवा ठान्न यस्तै प्रकारका सोचहरू र सरकारी नीतिले टेवा पुग्यो । यसै कारण पत्रकारिताले देशको कुनाकाप्चासम्म आफ्नो पहुँच र क्षेत्र विस्तार गर्न सकेन ।

वास्तवमा नेपाली पत्रकारिताको प्रारम्भिककालमा सरकारी पत्रकारिताले सरकारी नीति र कार्यक्रमको प्रशंसा र प्रचार गर्ने तथा राजनीतिले प्रेरित पत्रपत्रिकाहरूले राजनीतिक रूपमा आफूले रोजेको सङ्गठन वा सिद्धान्तलाई फाइदा हुने काममा आफूलाई सीमित राखे । यस्तो प्रवृत्तिको अत्यधिक प्रभावमा यीबाहेकका अन्य पत्रपत्रिकाहरूलाई लोक अभिव्यक्तिको प्रमुख माध्यम भनी सिद्धान्ततः स्वीकार गरियो । तर तटस्थ, निष्पक्ष, स्वतन्त्र र निर्भीक पत्रपत्रिकाहरूको अभाव नेपालमा भइरह्यो । यस्ता कारणहरूले पनि काठमाडौँबाहिर पत्रपत्रिकाको स्वाभाविक विकास हुने स्थिति आउन सकेन ।

२००७ सालमा प्रजातन्त्र प्राप्तिपछि बितेका ३५–४० वर्षको अवधिमा जनसङ्ख्याको साक्षरतामा वृद्धि, सामाजिक परिवर्तनमा गतिशीलता र यातायात सञ्चारको क्षेत्रमा केही सुधार भयो । तर अन्य सामाजिक परिवर्तनसँग पत्रकारिताको विकासको स्थिति भने काठमाडौँबाहिर सन्तोषजनक थिएन । पत्रपत्रिका विकासका लागि बनेका राष्ट्रिय नीति र निर्णयहरूले काठमाडौँ बाहिरको वस्तुस्थिति र आवश्यकतालाई कहिले पनि स्वीकारेनन् । सङ्क्षेपमा नेपाली पत्रकारिताले काठमाडौँ

खाल्डोभित्र कैद रही राजनीति र सत्तापक्षका गतिविधिका समाचारमा रूमलिएर आफ्नो नीहित स्वार्थ पूरा गर्ने प्रवृत्तिलाई त्याग्न सकेन । काठमाडौँभन्दा बाहिरको नेपाललाई उसले बुझ्नै सकेन । यसैकारणले गर्दा पत्रकारिताको बृहत लक्ष्य व्यवसायगत स्तर र आचारणको मूल स्वरूप निर्धारणमा केन्द्रित रहेन । यसरी समेटिनु पर्ने क्षेत्र पत्रकारिताभित्र नसमेटिएकोले नेपाली पत्रकारिता लामो समयसम्म सङ्कुचित रहिरह्यो ।

यतिबेला नेपालको पत्रकारितामा विद्यमान रहेका प्रवृत्तिहरूलाई अध्ययन गर्दा एक प्रकारले भन्ने हो भने पत्रकारितामा बौद्धिक विकास, सीप विकास र व्यावसायिक विकासका केही लक्षणहरू देखिन लागेका थिए । यी लक्षणहरूलाई देशव्यापी रूपमा विस्तारित गर्ने सङ्गठन, नीति र इच्छा शक्तिको अभाव पत्रकारिता जगतमा देखिएकाले मोफसलको पत्रकारिताको स्थिति सन्तोषजनक हुन सकिरहेको थिएन । काठमाडौँमा पत्रकारिताको व्यवसायले आफ्नो स्वरूप र प्रभाव लाभदायक क्षेत्रको रूपमा धेरै हदसम्म बढाएको थियो । २०२८ सालमा काठमाडौँ स्कूल अफ जर्नलिज्म खोल्नको निमित्त पनि यहाँका केही पत्रकारहरू प्रोत्साहित भएका थिए । यसको विपरीत मोफसलको अधिकांश भागमा भने पत्रकारिताको स्कूलको कुराभन्दा पनि पत्रपत्रिका प्रकाशित गर्ने प्रेस, कागज पूर्वाधार जुटाउनका लागि सोच्नुपर्ने स्थिति थियो । त्यसबखत नेपालको पत्रकारिता क्षेत्रमा भएको जस्तो विरोधाभाषपूर्ण असुन्तलन अरू क्षेत्रमा कम नै हुँदो होला ।

वास्तवमा नेपाली पत्रकारिताले त्यतिबेलासम्म आफूलाई काठमाडौँको चिसो छिँडीबाट बाहिर निस्केर व्यापक क्षेत्रमा विचरण गर्ने पत्रकारिताको क्षमताको विकास गर्ने प्रयत्न गरेन । तर छिट्पुट रूपमा मोफसलका समस्या बुझ्ने केही प्रयास भने भएका थिए । पत्रकारिताको क्षेत्रमा हकहितको सुरक्षा र पत्रकारिताको विकासको उद्देश्य लिई २००८ सालदेखि नै पत्रकार सङ्घहरू स्थापना गर्ने काम भइरहनुलाई यस्ता प्रकारको प्रयासहरूको श्रीगणेश भएको मान्नु पर्छ । तर यसका शाखा प्रशाखाहरू मोफसलको सबै ठाउँमा खोलेर पत्रकारिताको विकास गर्ने प्रयत्न नगरिएको हुँदा २०४६ सम्म पत्रकार सङ्घहरूले चिसो छिँडीमा अड्डा जमाएर काठमाडौँमा केन्द्रित पत्रकारितालाई मलजल दिने काम मात्र गरिरहे ।

नेपाली पत्रकारिताको विकास र विस्तारको यस्तो स्थितिको तुलना अन्य क्षेत्रमा हुने गरेको विकासको स्थितिसँग गर्न सकिँदैन । किनकि शिक्षा, यातायात, स्वास्थ्य र आर्थिक क्षेत्रमा हुने गरेको राष्ट्रिय प्रगतिको केही अंश निश्चित रूपमा मोफसलसम्म पुग्ने नै गर्दथ्यो । अर्को शब्दमा काठमाडौँमा मात्रै सबै कुरा केन्द्रित

हुने परम्पराको आहत मोफसलले सबै पक्षमा भोग्दै आए पनि पत्रकारिताको सन्दर्भमा अझ बढी उपेक्षित थियो ।

२०३७ साल फागुन ११ गते गठन गरिएको शाही प्रेस आयोगले २०३८ साउन १२ गते चढाएको प्रतिवेदनमा पनि मोफसलमा पत्रकारिताको विकासको स्थिति कमजोर रहेकोमा यसको समाधानका लागि हुन सक्ने उपायहरूबारे चर्चा छ । २०३८–३९ सालसम्म काठमाडौँभरिका तीन जिल्लाहरूमा दर्ता भै प्रकाशित हुने विभिन्न पत्रपत्रिकाको सङ्ख्या ६० र बाँकी अधिराज्यभरिका ७२ जिल्लाहरूबाट प्रकाशन पत्रपत्रिकाहरूको सङ्ख्या मात्र २३ थियो । यो तथ्याङ्कले पत्रकारिताको क्षेत्रमा मोफसल र काठमाडौँबीचमा भारी असन्तुलनको स्थिति विद्यमान रहेको स्पष्ट पार्छ । यीमध्ये पनि सुदूरपश्चिमाञ्चलमा प्रकाशित भइरहेका पत्रपत्रिकाहरूको सङ्ख्या तीन मात्र थियो ।

यसरी काठमाडौँ र बाहिर मात्र नभएर देशका विभिन्न क्षेत्रबीच पनि असन्तुलन थियो । यसले नेपालभित्रको विभिन्न स्थानमा पत्रपत्रिकाको समानुपातिक विकास नभएको प्रमाणित गर्छ । यसरी पत्रकारिताले मोफसलमा विकसित हुन सक्ने वातावरण पाउन नसक्नुमा सञ्चार साधन र यातायातको अभाव, जन चेतनाको कमी, साधन स्रोतको अभाव, पाठकहरूको कमी, शिक्षित जनसमुदाय नहुनु जस्ता नेपालभरि समान्य मानिने कारकतत्वको प्रमुख प्रभाव छ । पत्रकारिताको क्षेत्रमा कायम रहेको केन्द्रीय स्वरूप पनि महत्वपूर्ण कारक हो जसले पत्रकारितालाई काठमाडौँमा नै झाँगिने गरी मलजल पुऱ्यायो ।